प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

गण्डकी प्रदेश

पोखरा, नेपाल

अन्तराष्ट्रिय विपद् जोखिम न्यूनीकरण दिवस २०७७ को अवसरमा जारी

**प्रेस विज्ञप्ति**

भौगोलिक अवस्थिति, हिमाली क्षेत्रको बाहुल्यता, ठूलो संख्यामा रहेका खोलानाला आदि नेपालका मूलभूत चिनारीका रुपमा रहेका छन् भने यिनै प्राकृतिक सम्पदाहरुका कारण विपद् जोखिमको दृष्टिकोणबाट नेपाल जोखिमयुक्त क्षेत्रका रुपमा समेत परिचित छ । वि.सं. २०७२ सालको महाभूकम्पबाट भएको अपुरणीय क्षति कम हुन नपाउँदै वर्षैपिच्छे जसो घट्ने बाढी, पहिरो, आगलागी, चट्याङ्ग, हिमपहिरो आदि विपद् सम्बन्धी घटनाका कारण गण्डकी प्रदेशले ठूलो जनधनको क्षति व्यहोरीरहेको छ । साथै पछिल्लो समयमा विश्वव्यापी महामारीको रुपमा देखा परेको कोभिड-१९ को संक्रमणबाट विश्व नै आक्रान्त भएको सन्दर्भमा गण्डकी प्रदेश पनि अछुतो रहेको छैन । विपद्का घटनाबाट मानवीय क्षति मात्र नभई पर्यावरण समेत कमजोर भई गम्भिर असर पुगेको, भौतिक पूर्वाधारहरुमा क्षति पुगेको र आर्थिक-सामाजिक समुन्नतिमा समेत अवरोध भएको कुरा सर्वविदितै छ ।

गण्डकी प्रदेशका म्याग्दी, बाग्लुङ्ग, लमजुङ्ग, स्याङ्गजा, तनहुँ, कास्की, पर्वत र गोरखा लगायतका जिल्लामा हालसालै मात्र बाढी तथा पहिरो लगायतका घटनामा परी १२७ जनाको मृत्यु भएको, ८२ जना घाईते भएका एवं १२७१ घर पूर्ण/आंशिक रुपमा क्षति भएका छन् । यसर्थ, विपद् आफैंमा चुनौतीपूर्ण विषय भएकोले विपद्का घटनाबाट हुनसक्ने सम्भावित जोखिम न्यूनीकरणको विषयलाई अझ बढी प्राथमिकतामा राखी संघ, प्रदेश र स्थानीय गरी तीनवटै तहका सरकार, सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाईटी, सम्बद्ध राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्था, नागरिक समाज सबैको सहकार्य एवं समन्वयमा विपद् जोखिम न्यूनीकरणका लागि कार्यसम्पादन गर्नुपर्ने अवस्था रहेको छ ।

गण्डकी प्रदेश सरकारले विपद् व्यवस्थापनमा पूर्वतयारी, खोज/उद्धार/राहत तथा पुनर्स्थापनाका कार्यहरु तदारुकताका साथ गर्दै आईरहेको छ । विपद्को सम्भावित जोखिम न्यूनीकरणको लागि सबैले आ-आफ्नो स्थानबाट उत्तिकै महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने विषयलाई दृष्टिगत गर्दै **अन्तराष्ट्रिय विपद् जोखिम न्यूनीकरण दिवस (International Day for Disaster Risk Reduction)** को अवसरमा गण्डकी प्रदेश सरकार सम्बद्ध सबै निकाय एवं आम जनमानसमा विपद् जोखिम न्यूनीकरणका लागि ऐक्यबद्धता जाहेर गर्दै सहकार्य, समन्वय र सहयोग गरिदिनुहुन तथा विपद् सम्बन्धी घटनामा सजग एवं क्रियाशिल रहनुहुनको लागि हार्दिक अनुरोध गर्दछ । साथै, यस वर्षको नारा **"विपद् जोखिम न्यूनीकरणमैत्री सुशासनः सुरक्षित भविष्यको लागि हाम्रो अभियान"** सहित सम्भावित विपद्सँग सतर्क रहन र सबैलाई सचेत गराउन समेत आन्तरिक मामिला तथा कानून मन्त्रालय हार्दिक अपिल गर्दछ ।

मिति २०७७।०६।२६ गते

..............................

काशी राम गैरे

(प्रवक्ता)